नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८३।०१।०४

## सार्वजनिक सूचना

### *"बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई प्रतिस्थापन गर्न बनेको विधेयक"* को मस्यौदा उपर राय/सुझाव दिने बारे

***"बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई प्रतिस्थापन गर्न बनेको विधेयक"*** को मस्यौदा विधयन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सर्वसाधारणको रायको लागि यसैसाथ संलग्न गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र उक्त मस्यौदा उपर राय तथा सुझाव भए यस मन्त्रालयको इमेल ठेगानाः childlabournepal@gmail.com वा info@moless.gov.np मा उपलब्ध गराइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८३/०१/०४

(नोटः विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) सँग सम्बन्धित विवरण यसैसाथ संलग्न छ।

## <u>विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) सँग सम्बन्धित विवरण</u>

**(क) विधेयक तर्जुमा गर्नुपर्नाको कारण**

- बालबालिकालाई जोखिमपूर्ण काम वा व्यवसाय तथा निकृष्ट किसिमको काममा लगाउन निषेध गर्न,
- बालबालिकालाई अन्य काममा लगाउँदा उनीहरुको स्वास्थ्य, सुरक्षा, सेवा र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न,
- बालश्रम सम्बन्धी विभिन्न अन्तराष्ट्रिय महासन्धी तथा संघीयताको मर्म र मान्यता अनुकुल संघीय इकाईहरुबीच सहकारिता र समन्वय कायम हुने गरी विद्यमान बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई प्रतिस्थापन गरी नयाँ ऐन तयार गर्न ।

**(ख) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव**

- नेपालको संविधानको धारा १६ को उपधारा (१), धारा २०, धारा ३१, धारा ३९, धारा ४३ मा उल्लेखित मौलिक हकहरु कार्यन्वयनमा सहयोग पुग्ने,
- धारा ५१ को राज्यका नीतिहरुमा उल्लेखित बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति कार्यन्वयनमा सहयोग पुग्ने ।

**(ग) विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव**

- प्रस्तुत ऐनको कार्यन्वयनबाट मर्यादित श्रम तथा रोजगारीको प्रबर्द्धन भई आर्थिक विकासमा सहयोग पुग्ने,
- बालबालिकाको उपयुक्त शारीरिक, मानसिक स्वास्थ्य, सुरक्षा, नैतिकता र शैक्षिक विकास भई उनीहरुको उज्जवल भविष्यको सुनिश्चितता हुनुका साथै उत्पादनमुखी जनशक्ति तयार भई आर्थिक विकासमा टेवा पुग्ने ।

**(घ) विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग**

- दिगो विकास लक्ष्य ८.७ मा रहेको सन् २०२५ भित्रमा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने,
- दिगो विकास लक्ष्य १६.२ मा रहेको बालबालिका विरुद्धका सबै प्रकारका दुर्व्यवहार, शोषण, बेचविखन लगायत हिंसा र यातनाको अन्त्य गर्ने लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने ।

**(ङ) विधेयकको व्यवस्थाबाट सुशासन प्रबर्द्धनमा पर्ने प्रभाव**

- बालश्रम लगायत बालबालिका सम्बन्धी विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धताहरु कार्यान्वयन हुँदा बालश्रमको अन्त्य भई अन्तराष्ट्रियस्तरमा नेपालको छवि उच्च राख्नमा सहयोग पुग्ने,
- बालबालिकालाई कानून विपरित काममा लगाउने व्यक्ति, संघसंस्थाहरुलाई कानून बमोजिम दण्डित गर्दा बालश्रममुक्त समाजको परिकल्पना पुरा गर्न सहयोग पुग्ने।

**(च) विधेयकको व्यवस्थाबाट जलवायु अनुकुलनमा पुग्ने सहयोग**

बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्ने व्यवस्थाले आधुनिक, सुरक्षित तथा जलवायु अनुकुलन प्रविधिको प्रबर्द्धन भई जलवायु अनुकुलनमा सहयोग पुग्ने ।

**(छ) अन्य आवश्यक विषय**

मौजुदा बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ करिब २५ वर्ष पुरानो भएकोले संघियताको मुल्य र मान्यता अनुसार र वर्तमान राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश एवं परिस्थित बमोजिम समयानुकुल परिमार्जन गरी मौजुदा ऐनलाई प्रतिस्थापन गर्न नयाँ कानून बनाउन आवश्यक रहेको ।

## बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, २०८२

**<u>प्रस्तावना:</u>** बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काम वा व्यवसायमा तथा निकृष्ट किसिमको काममा लगाउन निषेध गर्न तथा अन्य काममा लगाउँदा निजको स्वास्थ्य, सुरक्षा, नैतिकता र शैक्षिक विकासमा असर नपर्ने गरी सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने विषयमा आवश्यक व्यवस्था गर्न बालश्रम (निषेध र नियमित गर्ने) सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनवाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बालश्रम" भन्नाले बालबालिकालाई निजको शारीरिक वा मानसिक स्वास्थ्य, सुरक्षा, नैतिकता र शैक्षिक विकासमा असर पर्ने कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काम वा व्यवसायमा तथा निकृष्ट किसिमको काममा लगाएको कार्यलाई सम्झनु पर्दछ।

(ख) "हलुका किसिमका काम" भन्नाले बालबालिकाको शारीरिक वा मानसिक स्वास्थ्य, सुरक्षा, नैतिकता र शैक्षिक क्रियाकलापमा असर नपर्ने गरी बाबु, आमा, संरक्षक, माथवर व्यक्ति वा परिवारको सदस्यले सामाजिकिकरणका लागि आफ्नो निगरानी वा सहमतीमा संलग्न गराएको जोखिमरहित तोकिए बमोजिमका हलुका किसिमका कामहरु सम्झनु पर्दछ।

(ग) "अनुसन्धान अधिकृत" भन्नाले यो ऐन बमोजिम दायर हुने मुद्दाको अनुसन्धान गर्न दफा २५ को उपदफा (१) को खण्ड (क) बमोजिम तोकिएको अनुसन्धान अधिकृत सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले श्रम तथा रोजगार विषय सम्बन्धी कार्य गर्ने संघीय कार्यालय सम्झनु पर्छ।

(ङ) "चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम मान्यता प्राप्त चिकित्सक सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "दिन" भन्नाले मध्यरातबाट सुरु हुने चौबीस घण्टाको अवधि सम्झनु पर्छ।

(ज) "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा गैह्रसरकारी संस्था वा अन्य संस्था सम्झनु पर्छ।

(झ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको श्रम, रोजगार सम्बन्धी विषयमा कार्य गर्ने संघीय मन्त्रालय सम्झनु पर्छ।

(ट) "विभाग" भन्नाले श्रम तथा व्यवसायजन्य सुरक्षा सम्बन्धी विषयमा कार्य गर्ने विभाग सम्झनु पर्छ।

(ठ) "योग्यताको प्रमाणपत्र" भन्नाले दफा ८ को उपदफा (४) बमोजिम दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(ड) "रोजगारदाता" भन्नाले बालबालिकालाई श्रममा लगाउने व्यक्ति वा प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले प्रतिष्ठानको हकमा व्यवस्थापकलाई र प्रचलित कानून बमोजिम आपूर्ति गरिएको श्रमिकको हकमा आपूर्तिकर्तालाई समेत जनाउँछ।

(ढ) "व्यवस्थापक" भन्नाले प्रतिष्ठानको कार्यकारी प्रमुख सम्झनु पर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वहन गर्ने वा अधिकार प्रयोग गर्ने गरी नियुक्त कुनै शाखा वा एकाइको प्रमुखलाई समेत जनाउँछ।

(ण) “श्रमिक” भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्छ।

(त) "सप्ताह" भन्नाले शनिबारको मध्यरात वा विभागले तोकेको अरु कुनै दिनको मध्यरात देखि सुरु हुने सात दिनको अवधि सम्झनु पर्छ।

(थ) "स्थानीय तह" भन्नाले सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र जिल्ला सभालाई सम्झनु पर्छ।

(द) “माथवर” व्यक्ति भन्नाले बालबालिकाको लागि विश्वासिलो व्यक्ति भन्ने सम्झनु पर्दछ। सो शब्दले बालबालिकाको अविभावकत्व गर्ने व्यक्ति समेतलाई बुझाउँछ।

## परिच्छेद- २

## <u>बालबालिकालाई श्रममा लगाउने सम्बन्धी व्यवस्था</u>

३. **<u>बालबालिकालाई श्रमिकका रुपमा काममा लगाउन नहुने:</u>** (१) कसैले पनि पन्ध्र वर्ष उमेर पुरा नभएका बालबालिकालाई श्रमिकका रुपमा काममा लगाउन पाइने छैन र यस प्रयोजनका लागि काम गर्न अनुमति दिइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तेह्र वर्ष उमेर पुरा भएका बालबालिकाले आफ्नो शैक्षिक क्रियाकलापमा असर नपुग्ने गरी विद्यालयको समय पछि वा बिदाको समयमा अनुसूचीमा उल्लेख गरिएका जोखिमपूर्ण काम बाहेकका आफ्ना **पारिवारिक काम वा पारिवारिक उद्यम**मा मद्दत गर्न वा स्वीकृति लिई तोकिए बमोजिमका हलुका किसिमका काम एवम् सर्कस बाहेकका विज्ञापन, चलचित्र, टेलिभिजन श्रृंखला वा त्यस्तै अन्य मनोरञ्जन वा खेलकुद गतिविधिहरू लगायत **श्रव्य-**

**दृश्य मनोरञ्जन उद्योगमा कलाकारको रूपमा** निर्धारित शर्त र सुरक्षा उपायको अधीनमा रही काममा लगाउन सकिनेछ।

**स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि,**

(क) **"परिवार"** भन्नाले निजको आमा, बुबा, दाजु-भाइ, दिदी-बहिनी, बुबाका दिदी-बहिनी र दाजु-भाइ तथा आमाका दिदी-बहिनी र दाजु-भाइ सम्झनु पर्छ।

(ख) **"पारिवारिक उद्यम"** भन्नाले परिवारका सदस्यहरुको संलग्नतामा गरिने कुनै पनि काम, पेशा, उत्पादन वा व्यवसाय सम्झनु पर्छ।

(ग) **"कलाकार"** भन्नाले मनोरञ्जन वा खेलकुद गतिविधिसँग सम्बन्धित अभिनेता, गायक, खेलाडी वा यस्तै अन्य भूमिकामा प्रत्यक्ष रूपमा संलग्न भई रुचि वा पेशाको रूपमा काम गर्ने बालबालिका सम्झनु पर्छ।

(३) कसैले पनि बालबालिकालाई निजको शारीरिक वा मानसिक स्वास्थ्य, सुरक्षा, नैतिकता र शैक्षिक क्रियाकलापमा नकारात्मक असर पर्ने अनुसूचीमा उल्लेखित जोखिमपूर्ण काम वा व्यवसायमा लगाउन पाइने छैन।

(४) कसैले पनि बालबालिकालाई दफा (५) बमोजिमको निकृष्ट किसिमको काममा लगाउन पाइने छैन।

४. **बालबालिकालाई इच्छा विपरित श्रममा लगाउन नपाइने:** कसैले पनि बालबालिकालाई ललाई-फकाई, झुक्याई कुनै डर, त्रास, दवाव र प्रलोभनमा पारी, सम्भावित क्षतिको भय महसुस हुनेगरी वा अन्य कुनै तरिकाले निजको इच्छा विपरीत श्रममा लगाउन पाइने छैन।

५. **निकृष्ट किसिमको काममा लगाएको मानिने:** बालबालिकालाई देहायको काममा लगाएमा निकृष्ट किसिमको काममा लगाएको मानिनेछः

(क) दासत्व वा दासत्वसँग मिल्दोजुल्दो सबै स्वरुपका प्रचलनहरू, जस्तैः

(१) बालबालिकाको बिक्री तथा ओसारपसार,

(२) ऋणबन्धन वा दासत्व,

(३) जबरजस्ती वा बाध्यात्मक श्रम (सशस्त्र द्वन्द्वमा प्रयोग गर्न बालबालिकाको जबरजस्ती वा बाध्यात्मक भर्ती समेत) ।

(ख) बालबालिकालाई वेश्यावृत्तिमा संलग्न गराउने, वेश्यावृत्तिका लागि प्रयोग गर्ने वा प्रस्ताव गर्ने, अश्लील सामग्री निर्माण वा अश्लील प्रदर्शनका लागि प्रयोग गर्ने, संलग्न गराउने वा प्रस्ताव गर्ने कार्य,

(ग) बालबालिकालाई गैरकानूनी क्रियाकलापमा प्रयोग गर्ने, संलग्न गराउने वा प्रस्ताव गर्ने कार्य, लागूऔषधको उत्पादन तथा ओसारपसारमा प्रयोग गर्ने कार्य,

(घ) बालबालिकाको स्वास्थ्य, सुरक्षा वा नैतिकतालाई हानि पुऱ्याउने प्रकृति वा परिस्थितिको काम

६. **सूचना दिनुपर्नेः** (१) यो ऐन प्रारम्भ हुदाका वखत अनुसूची बमोजिमको जोखिमपूर्ण काम वा व्यवसाय सञ्चालन गरिरहेका प्रतिष्ठान तथा रोजगारदाताले यो ऐन प्रारम्भ भएको तीस दिन भित्र कार्यालय र सम्बन्धित स्थानीय तहलाई देहायको विवरण खुलाइ लिखित सूचना दिनुपर्नेछः-

(क) प्रतिष्ठान/कार्यस्थल नाम र ठेगाना,

(ख) रोजगारदाताको नाम र ठेगाना,

(ग) प्रतिष्ठानले सञ्चालन गरेको काम वा व्यवसाय को प्रकृति,

(घ) तोकिए बमोजिमका अन्य विवरणहरु।

(२) यो ऐन प्रारम्भ भएपछी तोकिए बमोजिमको जोखिमपूर्ण काम वा व्यवसाय सञ्चालन गर्ने रोजगारदाताले त्यस्तो काम वा व्यवसाय सञ्चालन गरेको मितिले तीस दिन भित्र कार्यालय र स्थानीय तहलाई उपदफा (१) बमोजिमको विवरण खुलाइ लिखित सूचना दिनुपर्नेछ।

(३) यो ऐन प्रारम्भ भएको तीस दिन भित्र हरेक प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा बालबालिकालाई श्रमिकको रूपमा प्रयोग नगर्ने प्रतिवद्धतासहितको स्वघोषणा गरी सम्बन्धित कार्यालय र स्थानीय तहमा पेश गर्नु पर्नेछ। साथै उक्त स्वघोषणा आफ्नो प्रतिष्ठान परिसरमा सर्वसाधारणले देखिन गरी टाँस गर्नु पर्नेछ।

७. **स्वीकृति लिनु पर्नेः** (१) कुनै रोजगारदाताले यो ऐनको प्रतिकूल नहुने गरी बालबालिकालाई श्रममा लगाउनु परेमा बालबालिका स्वयम् तथा बालबालिकाको बाबु वा आमा वा संरक्षक वा माथवर व्यक्तिको सहमती लिई सम्बन्धित कार्यालय वा स्थानीय तह वा स्थानीय तहले तोकेको अन्य कुनै अधिकारीको स्वीकृति लिनु पर्नेछ।

तर नेपाल सरकारबाट स्वीकृति प्राप्त शिक्षण संस्थाबाट गराईने प्राविधिक तथा प्रयोगात्मक शिक्षा वा तालिम वा बालबालिकाको हक र हितको संरक्षणको निम्ति आयोजना गरिने काम वा खेलकुद वा सांस्कृतिक कार्यक्रमका लागि यस दफा बमोजिम स्वीकृति लिइरहनुपर्ने छैन।

(२) उपदफा (१) बमोजिम स्वीकृति दिँदा सम्बन्धित कार्यालय, स्थानीय तह वा स्थानीय तहले तोकेको कुनै अधिकारीले सम्बन्धित रोजगारदातालाई बालबालिकाको सीप र योग्यताको विकास गर्ने तथा शिक्षा प्रदान गर्ने उद्देश्यले उपयुक्त शर्तहरु लगाउन सक्नेछ र रोजगारदाताले यसको पालना गर्नुपर्नेछ।

(३) रोजगारदाताले बालबालिकालाई श्रममा लगाउनु पूर्व निजको सीप र योग्यताको विकास गर्ने उद्देश्यले सीप सम्बन्धी तालिम दिनु पर्नेछ ।

८. **योग्यताको प्रमाणपत्र लिनुपर्नेः** (१) रोजगारदाताले दफा (७) बमोजिम बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउनु अघि त्यस्तो बालबालिकाले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्नेछ।

(२) रोजगारदाताले उपदफा (१) बमोजिम योग्यताको प्रमाणपत्र लिन त्यस्तो बालबालिकाले गर्नुपर्ने कामको प्रकृति र उमेर समेत उल्लेख गरी कार्यालय वा स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

मस्यौदा

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यालय वा स्थानीय तहले चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम चिकित्सकद्वारा बालबालिकाको स्वास्थ्य परीक्षण गराउँदा त्यस्तो बालबालिका काम गर्न योग्य देखिएमा चिकित्सकले तोकिएको ढाँचामा योग्यताको प्रमाणपत्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम दिइएको योग्यताको प्रमाणपत्रको मान्य अवधि बढीमा छ महिनाको रहनेछ।

(६) उपदफा (५) बमोजिम दिइएको योग्यताको प्रमाणपत्र सम्बन्धित रोजगारदाताले चिकित्सकद्वारा नविकरण गराउनु पर्नेछ।

(७) योग्यताको प्रमाणपत्र लिँदा र नविकरण गर्दा लाग्ने तोकिए बमोजिमको स्वास्थ्य परीक्षण दस्तुर सम्बन्धित रोजगारदाताले नै व्यहोर्नु पर्नेछ।

(८) यो ऐन प्रारम्भ हुँदाका वखत तेह्र वर्ष उमेर पुरा भएका बालबालिकालाई श्रममा लगाएको रोजगारदाताले यो ऐन प्रारम्भ भएको मितिले नव्वे दिनभित्र योग्यताको प्रमाणपत्र लिई सक्नुपर्नेछ।

९. **<u>विवरण दिनुपर्नेः</u>** (१) यो ऐन प्रारम्भ भएपछि दफा (७) बमोजिम बालबालिकालाई श्रममा लगाउने रोजगारदाताले काममा लगाएको तीस दिनभित्र त्यस्तो बालबालिकाको तस्वीर सहित देहायका कुराहरु खुलाइएको विवरण कार्यालय र स्थानीय तहमा पेश गर्नुपर्नेछ।

(क) रोजगारदाताको नाम र ठेगाना,
(ख) प्रतिष्ठानको हकमा व्यवस्थापकको नाम र ठेगाना,
(ग) प्रतिष्ठानको हकमा प्रतिष्ठान सञ्चालन भएको मिति,
(घ) रोजगारदाताद्वारा सञ्चालित काम वा व्यवसाय ,
(ङ) बालबालिकाको नाम ठेगाना र उमेर,
(च) बालबालिकाको बाबु, आमा, संरक्षक वा माथवर व्यक्तिको नाम र ठेगाना,
(छ) बालबालिकालाई काममा लगाईएको मिति,
(ज) बालबालिकाले गर्नुपर्ने कामको प्रकृति,
(झ) बालबालिकाले पाउने पारिश्रमिकको रकम तथा अन्य सुविधाहरु,
(ञ) बालबालिकाको योग्यताको प्रमाणपत्र र
(ट) तोकिए बमोजिमका अन्य विवरणहरु

(२) यो ऐन प्रारम्भ हुँदाको बखत बालबालिकालाई श्रममा लगाई राखेको रोजगारदाताले यो ऐन प्रारम्भ भएको मितिले तीस (३०) दिन भित्र उपदफा (१) बमोजिमको विवरण कार्यालय र स्थानीय तहमा पेश गर्नु पर्नेछ।

१०. **<u>काममा लगाउने समयः</u>** (१) बालबालिकालाई बेलुका छ बजे देखि विहान छ बजे सम्मको अवधिभर श्रममा लगाउन पाईने छैन।

(२) दफा (७) बमोजिम बालबालिकालाई श्रममा लगाउदा नियमित शैक्षिक क्रियाकलापमा असर नपर्ने गरी विद्यालय समय वाहेक दिनमा चार घण्टा र एक सप्ताहमा चौबिस घण्टाभन्दा वढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई श्रममा लगाउन पाइने छैन ।

तर तेह्र वर्ष उमेर पुरा भई पन्ध्र वर्ष नपुगेका बालबालिकालाई दफा ३ को उपदफा (२) बमोजिमको काममा लगाउँदा नियमित शैक्षिक क्रियाकलापमा असर नपर्ने गरी विद्यालय समय वाहेक दिनमा दुई घण्टा र एक सप्ताहमा बाह्र घण्टाभन्दा वढी समय श्रममा लगाउन पाइने छैन ।

(३) बालबालिकालाई प्रत्येक दिन लगातार दुई घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा काम गरेको अवधि मानिनेछ।

(५) एकै दिन कुनै एक प्रतिष्ठानमा काम गरिसकेको बालबालिकालाई सोहि दिन अर्को कुनै प्रतिष्ठानमा काममा लगाउन पाइने छैन। तोकिएको बाहेक अर्को काममा लगाउन पाईने छैन।

**११.** **<u>पारिश्रमिक र सुविधाः</u>** (१) रोजगारदाताले श्रमिकको रूपमा काम गर्ने बालबालिकालाई लिङ्ग, वर्ण, धर्म वा जात जातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ।

(२) श्रमिकको रूपमा काम गर्ने बालबालिकाले पाउने न्यूनतम पारिश्रमिक, भत्ता, विदा र अन्य सुविधा प्रचलित कानून एवम् नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको पारिश्रमिक र सुविधाभन्दा कम पारिश्रमिक र सुविधा दिने गरी रोजगारदाताले बालबालिकालाई श्रममा लगाउनु हुदैन।

(४) रोजगारदाताले श्रममा लगाएको बालबालिकालाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनु पर्नेछ।

**१२.** **<u>बालबालिकाको सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्थाः</u>** दफा (७) बमोजिम श्रमिकको रूपमा काम गर्ने बालबालिकाको सुरक्षा तथा स्वास्थ्य सम्बन्धमा रोजगारदाता जिम्मेवार हुनेछ। बालबालिकाको सुरक्षा तथा स्वास्थ्य सम्बन्धमा रोजगारदाताले पालना गर्नु पर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३.** **<u>उमेर सम्बन्धी व्यवस्थाः</u>** (१) प्रतिष्ठानमा काम गर्ने कुनै बालबालिकाको उमेर सम्बन्धी विवाद परेमा त्यस्तो बालबालिकाको जन्म दर्ता प्रमाणपत्रमा उल्लेखित जन्म मिति अनुसारको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

(२) कुनै बालबालिकाको जन्म दर्ता प्रमाणपत्र नभएमा अस्पतालबाट जारी भएको बालबालिकाको जन्म प्रमाणपत्रमा उल्लेखित जन्म मिति, विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालय भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मितिको आधारमा हुने उमेरलाई निजको वास्तविक उमेर मानिनेछ र त्यस्तो कुनै प्रमाण वा कागजात नभएमा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

**१४.** **<u>दर्ता किताव राख्नु पर्नेः</u>** (१) दफा (७) बमोजिम श्रमिकको रूपमा काममा लगाउने बालबालिकाको सम्बन्धमा रोजगारदाताले देहायका कुराहरु खुलाई दर्ता किताव राख्नु पर्नेछः-

(क) बालबालिकाको नाम र ठेगाना,

(ख) बाबु, आमा, संरक्षक वा माथवर व्यक्तिको नाम र ठेगाना,

मस्यौदा

(ग) जन्म मिति र उमेर,

(घ) काममा लगाएको मिति,

(ङ) कामको प्रकृति,

(च) काम गर्नुपर्ने समय,

(छ) आराम गर्ने समय,

(ज) पारिश्रमिक तथा अन्य सुविधाहरु र

(झ) तोकिए बमोजिमका अन्य कुराहरु

(२) उपदफा (१) बमोजिमको दर्ता किताव विभाग वा कार्यालय वा स्थानीय तहबाट खटी आएको कर्मचारीले मागेको बखत रोजगारदाताले उपलब्ध गराउनु पर्नेछ।

१५. **सूचना टाँस्नु पर्नेः** प्रतिष्ठानको हकमा व्यवस्थापकले बालबालिकालाई लगाउन नहुने काम, बालबालिकाले पाउने पारिश्रमिक, सुविधा तथा साप्ताहिक विदाको दिन र बालबालिकालाई यो ऐन विपरित काममा लगाएमा हुने सजाय सम्बन्धी व्यवस्थाहरु त्यस्तो प्रतिष्ठानको सूचना पाटीमा अनिवार्य रूपमा टाँस्नु पर्नेछ।

## परिच्छेद- ३

## निरीक्षण सम्बन्धी व्यवस्था

१६. **निरीक्षणः** (१) कुनै रोजगारदाताले यो ऐन विपरीत बालबालिकालाई काममा लगाएको भन्ने लिखित वा मौखिक वा अनलाईन माध्यमबाट उजुरी प्राप्त भएमा वा त्यसरी काममा लगाएको कुनै माध्यमद्वारा जानकारी प्राप्त भएमा सम्बन्धित कार्यालय वा स्थानीय तहले आफू अन्तर्गतको कुनै कर्मचारीलाई त्यस्तो रोजगारदाताकोमा निरीक्षण गर्न खटाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएको कर्मचारीलाई रोजगारदाताले अभिलेख राखी जुनसुकै समयमा प्रवेश गर्न र आवश्यक निरीक्षण गर्न दिनु पर्नेछ। यसरी निरीक्षण गर्न खटिएको कर्मचारीले हेर्न र बुझ्न चाहेको विषयवस्तु त्यस्तो रोजगारदाताले उपलब्ध गराउनु पर्नेछ।

१७. **श्रमबाट अलग गराउनेः** (१) दफा १६ बमोजिम निरीक्षण गर्दा दफा (३), (४) र (५) विपरीत बालबालिकालाई काममा लगाएको पाइएमा निरीक्षण गर्ने कर्मचारीले रोजगारदातालाई त्यस्तो बालबालिकालाई कामबाट अलग गर्न लगाई यथाशीघ्र निजको बाबु, आमा, संरक्षक वा माथवर व्यक्तिको जिम्मा लगाउन आदेश दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु रोजगारदाता एवम् बाबु, आमा, संरक्षक, माथवर व्यक्ति वा परिवारको सदस्यको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम बालबालिकाको बाबु, आमा, संरक्षक वा माथवर व्यक्ति नभएमा वा पत्ता नलागेमा त्यस्तो बालबालिकालाई रोजगारदाताले सम्बन्धित स्थानीय तह वा कार्यालयको समन्वयमा उपयुक्त अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम बालबालिकालाई निजको बाबु, आमा, संरक्षक वा माथवर व्यक्तिको जिम्मामा लगाउँदा वा पुनर्स्थापना नभएसम्म राख्दा लाग्ने खर्च रोजगारदाताले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम निरीक्षण गर्दा बाबु वा आमा वा संरक्षक वा माथवर व्यक्ति वा परिवारको सदस्यको सहमतिमा बालबालिकालाई श्रममा पठाएको पाइएमा कार्यालय वा स्थानीय तहको न्यायिक समितिले निजलाई चेतावनी दिन सक्नेछ।

१८. **बालबालिकाको पुनर्स्थापना:** (१) दफा १७ बमोजिम कामवाट अलग गरिएका बालबालिकालाई नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले वैकल्पिक हेरचाहको व्यवस्था गरी पुनर्स्थापना गर्नु पर्नेछ।

(२) बालबालिकाको पुनर्स्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार बर्ष नपुगेसम्म निजलाई अस्थायी संरक्षण सेवाको प्रबन्ध गरी पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना गर्नु पर्नेछ।

(३) अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको आमा बाबु वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा प्रचलित कानून बमोजिम पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ।

१९. **निरीक्षण प्रतिवेदनः** (१) दफा १६ बमोजिम निरीक्षण गर्ने कर्मचारीले कुनै रोजगारदाताले यो ऐन र अन्तर्गत बनेको नियम विपरीत बालबालिकालाई काममा लगाएको वा काममा लगाईएका बालबालिकाको सुरक्षा र स्वास्थ्यको लागि गर्नुपर्ने व्यवस्था गरे/नगरेको यथार्थ विवरण सहित दफा १७ र दफा १८ बमोजिम भए गरेका कामकारवाहीको विवरण र रोजगारदातालाई दफा २१ बमोजिम हुन सक्ने सम्भावित सजाय र सजाय गर्न सक्ने अधिकारी समेत खुलाई निरीक्षण समाप्त भएको मितिले पन्ध्र दिनभित्र निरीक्षणको लागि खटाउने निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन अनुसार कुनै रोजगारदाताले यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने कुनै व्यवस्था नगरेको पाईएमा निरीक्षणको लागि खटाउने निकायले यथाशिघ्र त्यस्तो व्यवस्था गर्न मनासिव म्याद तोकी रोजगारदातालाई आदेश दिनेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको लागि खटाउने निकायले दिएको म्याद भित्र रोजगारदाताले आदेश बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम निरीक्षण प्रतिवेदन प्राप्त भएपछि निरीक्षणको लागि खटाउने निकायले यस ऐन बमोजिमको अनुसन्धान तथा तहकिकात एवम् सजाय गर्न सक्ने अधिकार भए सोही बमोजिम कारवाही अगाडि बढाउनुपर्ने र अधिकार नभएमा अविलम्ब उक्त प्रतिवेदनको एक प्रति आवश्यक कारवाहीको लागि सम्बन्धित अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ।

२०. **सुविधा रोक्का राख्नेः** (१) दफा १९ को उपदफा (२) बमोजिम निरीक्षणको लागि खटाउने निकायले दिएको आदेश बमोजिम सम्बन्धित रोजगारदाताले आवश्यक व्यवस्था नगरेमा निरीक्षणको लागि खटाउने निकायले त्यस्तो रोजगारदाता लाई प्रचलित कानून बमोजिम दिईने सुविधा तोकिएको अवधिसम्मको लागि रोक्का गर्न सम्बन्धित निकायलाई लेखि पठाउनु पर्नेछ।

(२) कुनै रोजगारदाताको सम्बन्धमा निरीक्षणको लागि खटाउने निकायबाट उपदफा (१) बमोजिम लेखि आएमा सम्बन्धित निकायले त्यस्तो रोजगारदाताले पाउने सुविधा रोक्का गरी त्यसको जानकारी निरीक्षणको लागि खटाउने निकायमा दिनु पर्नेछ।

## परिच्छेद- ४

## दण्ड सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

२१. **दण्ड सजायः** (१) कसैले दफा ३ को उपदफा (१) विपरीत कुनै काम गरेमा निजलाई तीन महिनासम्म कैद वा एक लाख रुपैयाँ जरिबाना वा दुवै सजाय हुनेछ।

(२) कसैले दफा ३ को उपदफा (३) र दफा ४ विपरीत कुनै काम गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँ जरिबाना वा दुवै सजाय हुनेछ।

(३) कसैले दफा ३ को उपदफा (४) विपरित बालबालिकालाई कुनै काममा लगाएमा निजलाई दुई वर्षसम्म कैद वा चार लाख रुपैयाँ जरिबाना वा दुवै सजाय हुनेछ।

(४) कुनै रोजगारदाताले दफा ६, ७, ८, ९, १०, ११, १२, १४ र १५ विपरीत कुनै काम गरेमा निजलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(५) यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा निजलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(६) कसैले उपदफा (१), (२), (३), (४) र (५) बमोजिम एक पटक सजाय पाईसकेपछि पनि पुनः सोही काम गरेमा निजलाई पटकै पिच्छे सोही उपदफामा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ।

२२. **बालबालिकाको समूह बनाई काममा लगाएमा थप सजाय हुनेः** कसैले दुई जना भन्दा बढी बालबालिकाको समूह बनाई यो ऐन प्रतिकूल हुने गरी काममा लगाएमा त्यस्तो रोजगारदातालाई यो ऐन बमोजिम हुने सजायको अतिरिक्त त्यसरी काममा लगाइएका प्रत्येक बालबालिका बापत पचास हजार रुपैयाँको दरले थप जरिबाना हुनेछ।

२३. **क्षतिपूर्ति प्रदान गरिनेः** यो ऐन विपरीत श्रममा लगाइएको बालबालिकालाई त्यसरी श्रममा लगाउने रोजगारदाताबाट तोकिए बमोजिम क्षतिपूर्ति भराइनेछ।

२४. **उजुरी र हदम्यादः** (१) कुनै पनि व्यक्ति वा संस्थाले यो ऐन विपरित कार्य गरेकोमा कैद सजाय नहुने कसूरको सम्बन्धमा सम्बन्धित स्थानीय तहमा र कैद सजाय हुने कसूरको सम्बन्धमा सम्बन्धित कार्यालयमा उजुरी दिन सक्नेछ।

(२) यो ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा सो कार्य भए गरेको मितिले ६ महिनाभित्र उजुरी दिइसक्नुपर्नेछ।

तर बालबालिकालाई दास वा कमैया वा बन्धक वा बाँधाश्रममा लगाएको अवस्थामा जहिले सुकै उजुरी दिन बाधा पर्ने छैन।

(३) यस दफा बमोजिम उजुरी दिने उजुरीकर्ताले आफ्नो नाम तथा ठेगाना गोप्य राख्न चाहेमा त्यस्तो उजुरीकर्ताको नाम र ठेगाना गोप्य राख्नु पर्नेछ।

(४) आप्रवासी श्रमिक बालबालिका सम्बन्धी विषयमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिन सकिनेछ र प्राप्त उजुरी उपर प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको सिमा समन्वय

सम्बन्धी समितिले कारवाही र किनारा गर्ने वा कानून बमोजिम मुद्दा चलाउनु पर्ने देखिएमा सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद - ५

## अनुसन्धान तथा तहकिकात, मेलमिलाप र मुद्दा दायर सम्बन्धी व्यवस्था

२५. **अनुसन्धान तथा तहकिकातः** (१) कुनै रोजगारदाताले यो ऐन विपरीत बालबालिकालाई बालश्रममा प्रयोग गरेको व्यहोरा दफा १९ को उपदफा (१) वा उपदफा (४) बमोजिम प्राप्त निरीक्षण प्रतिवेदनले औंल्याएमा सो को आधारमा देहाय बमोजिम अनुसन्धान तथा तहकिकात गर्नुपर्नेछः-

(क) यो ऐन बमोजिम कैद सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात गर्न सम्बन्धित कार्यालय प्रमुखले उपलब्ध भएसम्म कार्यालयको राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्नेछ र त्यस्तो अनुसन्धान अधिकृतले प्रचलित कानुन बमोजिम अनुसन्धान तथा तहकिकातको कार्य सम्पन्न गर्नेछ।

(ख) यो ऐन बमोजिम कैद सजाय नहुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात सम्बन्धित न्यायिक समितिको समन्वयमा बाल कल्याण अधिकारी वा कार्यालय प्रमुखले तोकेको कर्मचारीले गर्नेछ।

(२) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले आवश्यकता अनुसार सुरक्षा निकायको सहयोग माग गर्न सक्नेछ र यसरी माग भए बमोजिमको सहयोग उपलब्ध गराउनु सुरक्षा निकायको कर्तब्य हुनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सुरक्षा निकाय" भन्नाले नेपाल प्रहरी वा प्रदेश प्रहरी सम्झनु पर्छ।

२६. **मेलमिलापसम्बन्धी व्यवस्था:** (१) दफा २५ को उपदफा (१) को खण्ड (ख) बमोजिम अनुसन्धान र तहकिकात गर्दा स्थानीय तहमा मेलमिलाप गर्न सकिने अवस्था रही रोजगारदाताले गल्ती स्वीकार गरी काम गर्ने वातावरण सुधार गर्ने तथा यो ऐन वा अन्तर्गतको नियमावलीमा उल्लेखित प्रावधानको पालना गर्ने शर्त मञ्जुर गरेको अवस्थामा न्यायिक समितिबाट निर्णय गरी बालबालिकाले काम गरेको समयको पाउनुपर्ने पारिश्रमिक वा अन्य सुविधाहरू तत्काल भुक्तानी दिन लगाई तथा आवश्यक राहत र क्षतिपुर्ति भराई मेलमिलाप गराउन सकिनेछ।

तर दफा (३) को उपदफा (१), (३) र (४) तथा दफा (४) विपरीतको कसुरमा मेलमिलाप गर्न सकिने छैन।

(२) उपदफा (१) बमोजिम न्यायिक समितिबाट मेलमिलाप हुन नसकेमा सो को व्यहोरा सहित अनुसन्धान प्रतिवेदन सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मेलमिलाप हुन नसकी सो को व्यहोरा सहितको अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि कार्यालयले प्रचलित कानून बमोजिम मेलमिलाप गराउन वा त्यस्तो रोजगारदातालाई दफा २१ को उपदफा (४) बमोजिम जरिवाना गर्न सक्नेछ।

मस्यौदा

२७. **<u>नेपाल सरकार वादी हुने</u>**ः यो ऐन अन्तर्गत कैद सजाय हुने मुद्दाको हकमा नेपाल सरकार वादी हुनेछ।

२८. **<u>मुद्दाको दायरी</u>**ः (१) दफा २५ को उपदफा (१) को खण्ड (क) बमोजिम कसूरको अनुसन्धान तथा तहकिकात सम्पन्न भई मुद्दा दायर गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृतले आफ्नो राय सहित अनुसन्धानसँग सम्बन्धित प्रमाण संलग्न मिसिल मुद्दा दायर गर्ने प्रयोजनका लागि सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मिसिल प्राप्त भएमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले सो विषयमा मुद्दा चल्न नसक्ने भए सोही व्यहोरा उल्लेख गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ र मुद्दा चलाउनु पर्ने भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दाबी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकिलको कार्यालयले प्राप्त मिसिल अध्ययन गर्दा सो विषयमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयवस्तु यकीन गरी सोको आधार र कारण सहित अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै विषयमा थप अनुसन्धान गर्ने गरी मिसिल प्राप्त भएकोमा अनुसन्धान अधिकृतले सो विषयमा थप अनुसन्धान गरी मुद्दा दायर गर्न प्रस्तावित अभियोगको मागदाबी सहितको मिसिल पुनः जिल्ला सरकारी वकीलको कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम मिसिल प्राप्त भए पछि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयले उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गरी सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।

२९. **<u>मुद्दा हेर्ने अधिकारी</u>**ः (१) दफा २१ को उपदफा (४) र (५) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा कार्यालयको प्रमुखले गर्नेछ।

(२) दफा २१ को उपदफा (१), (२), (३), (६) र दफा २२ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा प्रचलित कानून बमोजिम सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

३०. **<u>पुनरावेदन</u>**ः (१) दफा २९ को उपदफा (१) बमोजिम कार्यालय प्रमुखले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र प्रचलित कानून बमोजिम श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(२) दफा २९ को उपदफा (२) बमोजिम जिल्ला अदालतले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद- ६

## विविध

**३१. बालश्रम निवारण समितिः** (१) श्रममा संलग्न बालबालिकाको स्वास्थ्य, सुरक्षा, शिक्षा र व्यावसायिक तालिमको अवस्था मूल्याङ्कन गर्न, बालबालिकालाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालबालिकालाई काममा लगाउन निरुत्साहित तुल्याउन र बालश्रम निषेध र नियमित गर्ने सम्बन्धमा आवश्यक राय सुझाव प्रदान गर्नका लागि तोकिए बमोजिमको बढीमा तेह्र सदस्यीय बालश्रम निवारण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा तोकिए बमोजिम बालश्रम निवारणको क्षेत्रमा कार्यरत सरकारी, गैह्रसरकारी संस्था, रोजगारदाता र श्रमिक संगठन तथा विशेषज्ञको समुचित प्रतिनिधित्वको व्यवस्था गरिनेछ।

(३) बालश्रम निवारण समितिको गठन विधि, काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) मा उल्लिखित विषयमा राय सुझाव दिने प्रयोजनको लागि प्रदेश सरकार वा स्थानीय तहले समेत आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ।

**३२. बालश्रम निवारण कोषः** (१) नेपाल सरकारले दफा ३१ को उपदफा (१) को प्रयोजनका लागि बाल श्रम निवारण कोषको नामले एक कोष स्थापना गर्नेछ।

(२) बालश्रम निवारण कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछः-

(क) सरकारबाट प्राप्त अनुदान रकम,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरुबाट प्राप्त चन्दा, शुल्क, अनुदान तथा सहयोगको रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) बालश्रम निवारण कोषमा जम्मा हुने रकम र कोषको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**३३. निर्देशन दिन सक्नेः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यालय वा स्थानीय तहले रोजगारदाता, ट्रेड यूनियन तथा बालगृह र बालबालिकाको हेरचाह गर्ने संस्थालाई बालबालिकाको हक, हित र सुरक्षाको लागि मौखिक वा लिखत रूपमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**३४. समन्वय गर्नु पर्नेः** (१) यो ऐनको कार्यान्वयनको क्रममा स्थानीय तहले निर्धारित समयभित्र बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने गरी आवश्यक कार्य गर्नु पर्नेछ।

(२) मन्त्रालय, विभाग, कार्यालय, प्रदेश सरकार र स्थानीय तहले यो ऐन बमोजिम समन्वयात्मक रुपमा कामकारवाही गर्नुका साथै भए गरेका काम कारबाहीको सूचना तथा तथ्याङ्क एकआपसमा नियमित रूपमा आदानप्रदान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचना तथा तथ्याङ्कलाई एकीकृत गरी सुरक्षित रूपमा राख्ने जिम्मेवारी सम्बन्धित निकायको हुनेछ।

**३५.** **<u>अनुसूचीमा संशोधन:</u>**

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा जोखिमपूर्ण काम वा व्यवसाय थपघट गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसूचीमा जोखिमपूर्ण काम वा व्यवसाय थपघट गर्दा नेपाल सरकारले आवश्यक देखेमा बालश्रम निवारण समितिको राय लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिले तीस दिनपछि अनुसूचीमा संशोधन भएको मानिनेछ।

**३५.** **<u>नियम बनाउने अधिकार</u>**: यो ऐनको उद्देश्य कार्यन्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ

**३६.** **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u>**: यो ऐन तथा यो ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले आवश्यक  निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछन।

**३७.** **<u>खारेजी र बचाउ</u>**: (१) बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ खारेज गरिएको छ।

(२) बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**जोखिमपूर्ण काम वा व्यवसायहरू**

**(क) औद्योगिक तथा उत्पादनमूलक कार्यहरू**

- **गलैंचा र गार्मेन्ट उद्योगः** ऊन धुने, रङ्गाउने र रासायनिक पदार्थको प्रयोग गरी बुट्टा भर्ने कार्य; कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने कार्य;
- **इँटा भट्टाः** इँट्टाभट्टासँग सम्बन्धित सम्पूर्ण कार्य।
- **छाला प्रशोधनः** काँचो छालालाई रसायन प्रयोग गरी प्रशोधन गर्ने कार्य।
- **निर्माण सामग्री उत्पादनः** ढुङ्गा क्रसरमा काम गर्ने, बालुवा चाल्ने वा गिटी कुट्ने कार्य; ढुङ्गा फुटाउने, पहाड वा खोलाबाट ढुङ्गा निकाल्ने, ढुङ्गा तथा खानी विस्फोट गर्ने कार्य; खनिजको लोड र अनलोडसँग सम्बन्धित कार्य; स्टील तथा फलामजन्य निर्माण सम्बन्धी कार्य।
- **रसायन र विस्फोटक पदार्थः** सलाई, विष्फोटक तथा अन्य आगजन्य पदार्थको उत्पादन र बिक्री वितरण; कीटनाशक औषधि वा रासायनिक मल उत्पादन र प्याकिङ्ग; रासायनिक पदार्थसँग सम्पर्क हुने कार्य; रङ्ग र रसायनको मिश्रण गर्ने, तताउने, भर्ने र डिस्पोजल गर्ने कार्य ।
- **पेय पदार्थ उत्पादनः** बीयर, मदिरा तथा अन्य मदिराजन्य पदार्थको उत्पादन तथा बिक्रीवितरण सम्बन्धी कार्य ।
- **औषधि उत्पादनः** औषधिजन्य उत्पादनसँग सम्बन्धित कार्यहरु
- **धातु सम्बन्धीः** भारी धातुको प्रयोग (सिसा, जस्ता, क्याडमियम आदि) तथा धातुको मूर्ति निर्माणसँग सम्बन्धित कार्यहरू
- **अन्य औद्योगिक उत्पादनः** साबुन, बिटुमिन, पल्प र पेपर, स्लेट, पेन्सिल, लुब्रिकेटिङ्ग तेल उत्पादन; इलेक्ट्रोप्लेटिङ्ग; रबर सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरू
- **जरी र बुट्टा भर्ने कामः** गार्मेन्टमा सियो र धागोले लामो समयसम्म बसेर आँखा र शरीरलाई असर गर्ने गरी गरिने काम।
- **उर्जा उत्पादनः** जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्याँस, बायोग्याँस तथा यस्तै अन्य स्रोतबाट उर्जा पैदा गर्ने र त्यसको प्रसारण वा वितरणसँग सम्बन्धित कार्यहरू

**(ख) खानी तथा उत्खनन क्षेत्र**

- **भूमिगत खानीः** कोइला, चुनढुङ्गा वा बहुमूल्य धातुको उत्खनन् गर्ने; खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्याँसको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरु।
- **नदीजन्य उत्खननः** गहिरो पानी वा नदीको बगरबाट ढुङ्गा र बालुवा संकलन गर्ने कार्य।

(ग) **सेवा तथा पर्यटन क्षेत्र**

- **मनोरञ्जन क्षेत्र:** क्यासिनो, डान्स बार, दोहोरी साँझ, मसाज पार्लर वा यौनजन्य शोषण हुन सक्ने स्थान; सर्कसमा काम गर्ने, बन्द कोठामा गर्ने कार्य ।
- **पर्यटन क्षेत्र:** तीन हजार मिटरभन्दा माथिको उचाइमा भारी बोक्ने, गाइड गर्ने वा हिमाल आरोहणमा संलग्न हुने कार्य; साहसिक पर्यटनसँग सम्बन्धित काम तथा व्यवसायहरु: रिसर्ट स्किइङ्ग, ग्लाईडिङ्ग, वाटर न्याफ्टिङ्ग, पोनी ट्रेकिङ्ग, पदयात्रा, हट एयर ब्यालुनिङ्ग, प्यारासेलिङ्ग, पोलो, अश्वरोहण, डुङ्गा चलाउने, बन्जी आदी।
- **यातायात क्षेत्र:** बस, ट्रक, मिनीबस वा माइक्रोबसमा सहयोगीका रूपमा काम गर्ने; रिक्सा वा ठेलागाडा चलाउने कार्य।
- **वधशाला र कोल्ड स्टोर:** पशुवध गर्ने, मासु काट्ने, पशुका विभिन्न अङ्ग सफा गर्ने, औद्योगिक शीत भण्डार भित्र गर्ने कार्य ।

(घ) **कृषि तथा वन क्षेत्रका जोखिमपूर्ण कामहरू**

- **विषादी प्रयोग:** खेतीपातीमा कीटनाशक विषादी वा औषधिजन्य स्प्रे गर्ने वा रासायनिक मल छर्ने वा मिसाउने कार्य र सो कार्य गरेको तीन दिनभित्र बाली लगाउने तथा फसल सङ्कलन गर्ने कार्य।
- **मेसिनरी प्रयोग:** ट्र्याक्टर, थ्रेसर, कटिङ्ग मेशिन वा अन्य मेसिनरी औजारहरू चलाउने कार्य।
- **सुर्तीजन्य उद्योग:** सुर्तीका पात प्रशोधन गर्ने, बिंडी वा चुरोट उत्पादन गर्ने कार्य।
- **काष्ठ उद्योग:** रुख काट्ने, काठ सङ्कलन, काठका मुडाहरू लोड अनलोड गर्ने कार्य ।
- **जडिबुटी संकलन:** उच्च हिमाली क्षेत्रको प्रतिकूल मौसम र अक्सिजन कम भएको ठाउँमा गरिने संकलन कार्य।

(ङ) **शहरी तथा अनौपचारिक क्षेत्रका जोखिमहरू**

- **फोहोर व्यवस्थापन:** ढल सफा गर्ने, फोहोरको थुप्रोबाट कवाडी संकलन गर्ने वा हानिकारक फोहोर उठाउने, फोहोर मैला प्रशोधन कार्य।
- **वर्कशप र ग्यारेज:** वेल्डिङ गर्ने, ग्यास कटिङ गर्ने वा ब्याट्री र मोबिलको काम गर्ने; अटोमोबाइल लगायत बिजुलीबाट चल्ने उपकरण सहित मेसिनहरूको मर्मत तथा सरसफाइसँग सम्बन्धित कार्य।
- **घरेलु श्रम:** अर्काको घरमा बसेर शारीरिक वा मानसिक श्रम गर्ने कार्य।

(च) **अन्य जोखिमपुर्ण व्यवसाय वा कार्यहरु**

- निर्माणसँग सम्बन्धित कार्यहरु
- प्रत्यक्ष लडाँइ गर्ने, जासुसी गर्ने वा सो को लागि सहयोग गर्ने कार्यहरू
- जमिनमुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने कार्यहरु
- प्रचलित कानून बमोजिम तोकिएका अन्य जोखिमपूर्ण कार्यहरू।